


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २२ | अङ्क २०५ | श्रेणी क्षेत्रीय 'क' | २०७८ साउन २३ गते शनिबार | 7 Aug. 2021 | पृष्ठ ४ | मूल्य रु. २।-

## मुख्यमन्त्री पोखरेलद्वारा जिपी कोइराला अस्पताल निरीक्षण

**पोखरापत्र संवाददाता**
**दमौली, २२ साउन**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रको शुक्रबार निरीक्षण गर्नुभएको छ। पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको नाममा स्थापना गरिएको उक्त अस्पतालको आज मुख्यमन्त्री पोखरेलले निरीक्षण गर्नुभएको हो।

सो क्रममा मुख्यमन्त्री पोखरेलले अस्पतालले प्रवाह गर्दै आएको सेवाका बारेमा जानकारी लिनुभएको छ । अस्पताल सङ्घीय सरकार मातहत रहे पनि गण्डकी प्रदेश सरकारका तर्फबाट आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्ने मुख्यमन्त्री पोखरेलले प्रतिबद्धता व्यक्त गर्नुभयो।

निरीक्षणका क्रममा प्रदेशसभा सदस्य डोबाटे विक, सरिता गुरुङ, संविधानसभा सदस्य रामचन्द्र पोखरेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, नगर प्रमुख किसान गुरुङ, प्रमुख जिल्ला अधिकारी सागर आचार्यलगायत सहभागी हुनुहुन्थ्यो। सो क्रममा मुख्यमन्त्री पोखरेललाई अस्पतालका सञ्चालक एवं चिकित्सकले अस्पतालले प्रवाह गर्दै आएको सेवाका बारेमा जानकारी गराउनुभएको थियो । दक्षिण एशियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रूपमा स्थापना गर्न सरकारले केही वर्षअघि पूर्वप्रधानमन्त्री स्व कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार सो नगरपालिकाकोबेलचौतारामा७४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ। अस्पतालमा तीन विशेषज्ञ चिकित्सक र नौ मेडिकल अधिकृत कार्यरत छन् । अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नसारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान भइरहेको छ। त्यसबाहेक अस्पतालले केही दिन अगाडिबाट मात्र कल्चर सेवा पनि शुरु गरेको छ। अस्पतालले १० देखि ४ बजेसम्म ओपिडी सेवा, चौबिसैं घण्टा इमर्जेन्सी सेवा, ल्याव, भिडियो एक्सरे सेवा, माइनर अप्रेशन लगायत सेवा दिइरहेको छ।

अस्पतालले कोरोना सङ्क्रमितको पनि उपचार गरिरहेको छ। कोरोना सङ्क्रमितको उपचारका लागि दशवटै स्थानीय तहको लागत साझेदारीमा आइसोलेसन केन्द्र निर्माण गरिएको छ। आइसोलेसन केन्द्रमाअक्सिजनसहितकोव्यवस्था मिलाइएको छ।

## हेमजाबासीको घर घरमै धारा जडान

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**



गाग्रीमा पानी वोकेर खानेपानीको प्रयोग गर्दै आएका पोखरा २५, मुलपानी बाँसवोटका स्थानिय बासि यति वेला निकै खुसि भएका छन्।

विगतका बर्ष देखि विभिन्न नप्रतिनिधि, पोखरा महानगर एवं पोखरा २५ वडा कार्यालयले समेत आफुहरुको माग सुनुवाई नभएको अबस्थामा गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनको पहलमा खानेपानीको परियोजना परेकोले हाल आफुहरुको घर घरमा धारा जडान गरिएको स्थानियले बताएका छन्।

मन्त्री बरालको पहलमा हेमजा बाँस्वोट क्षेत्रमा करिब एक सय घर धुरीमा धारा जडान कार्य करिब ९० प्रतिशत पुरा भएको पोखरा २५ को सिस्नेपारी खानेपानी सरसफाई उपभोक्ता समितिका अध्यक्ष बाबुराम पौडेलले बताए । उनले भने "यस अघि हामीले पिउने पानी लिन कम्तिमा ५ सय मिटर टाडाको दुरीमा गाग्रीमा वोकेरै पानी खानुपर्ने बाध्यता थियो, अब त्यो समस्या हल भएको छ।" जनतासंगको भेटघाटमा फिल्ड अवलोकन गर्दै मन्त्री बरालले हेमजा बासीको पहिलो माग पिउने पानी भएकोले त्यसको लागि सम्बन्धित निकायसंगको सहकार्यमा आफुहरुले पानी पाउदा आफुहरु हाल निकै हर्सित भएको स्थानिय मिलीजुली आमा समुहका अध्यक्ष सकुन्तला पहारीले बताइन् । हेमजाबासीको शुक्रबार बधाई ग्रहण गर्दै अर्थमन्त्री बरालले गत बर्ष पनि खानेपानीको पाइप सुइखेत खोलाले बगाउदा करिब ३ सय मिटर पाइप उपलब्ध गराउन पहल गरेको उल्लेख गर्दै जनताको पहिलो आवश्यकता पुरा गर्न पहल गर्नु आफ्नो कर्तव्य भएको बताए । हेमजावासीको दृण इच्छाशक्ति र जागरणले गर्दा आफ्नो पहलमा भएका कामको जस पाएको उनको भनाई थियो। हेमजावासीको आवश्यकता पुरा गर्न आफ्नो क्षेत्रबाट पहल गर्ने मन्त्री बरालले बताए । उनले भने"हामी जो कसैले घमण्ड गर्न हुदैन, आज सांसद, मन्त्री हुदैमा त्यो पद सधै रहदा पनि रहदैन हामी जनप्रतिनिधिहरु आफ्नो समय मिलायर जनता सामु गहि राख्नु पर्छ भन्ने मेरो मान्यता रहेको छ । " जनताको आवश्यकताको आधारमा सम्भव र फुर्सद भएसम्म आफु जनता सामु जाने अन्तरकृया गर्ने गरेको उनले जनाए। स्थानियले सुइखेतखोला वारपारको लागि पुल निर्माणको समेत माग गरे पछि मन्त्री बरालले यस बर्ष नपरेको योजना तत्तकाल केही गर्न नसकिने जनाउदै अर्को आर्थिक बर्षमा केही न केही सहयोग गर्ने बताए। त्रिपुरेश्वर महादेवको मन्दीर शिलन्यास तथा खानेपानीको अवलोकन गर्दै मन्त्री बरालले जनतालाई छिटो छरितो ढंगबाट सेवा दिन सके शुसासन हुने भनाई छ। खानेपानी डिभिजन गण्डकी प्रदेश कार्यालयका प्रमुख प्रेमप्रसाद डोटेलले यसपाली हेमजाको मुलपानी वाँसवोट क्षेत्रमा हाल एक सय घर धुरीमा धारा जडान भएको बताए । पहिलो चरणमा करिब एक करोडको परियोजनामा उक्त क्षेत्रमा खानेपानीको काम भएको उनले जनाए । माओबादी केन्द्र पोखरा २५ हेमजा वडा कमिटिका अध्यक्ष माधवशरण पौडेलले पोखरा महानगरपालिका कार्यालयबाट यसकार्यकालमा खासै सहयोग नपाएको गुनासो गरे। आगामी निर्वाचनमा जनताको हकहितमा काम गर्ने व्यक्तिलाई जिताउनु पर्ने उनको भनाई थियो । कांग्रेस वडा कमिटिका सभापति मधुसुधन त्रिपाठीले मन्त्री समक्ष पुल र मन्दिर निर्माणको लागि सहयोग गर्न आग्रह गरे।

कालिका टोल विकास संस्थाका अध्यक्ष दीपक थापाले निर्वाचित अधिकांश जनप्रतिनिधिहरु आफ्नो निर्वाचन क्षेत्रमा नआएको अबस्थामा मन्त्री बराल पटक पटक आउदा आफुहरुलाई धेरै भरोसा भएको बताए । स्थानिय बिष्णुप्रसाद पौडेलले हाल आफुहरुको बस्ती नै पहिराको उच्च जोखिममा रहेको बताए। जग्गा दाता प्रेम प्रसाद पौडेलले जनताको आवश्यकता बुझ्ने मन्त्री बराल जस्ता नेताको खाँचो भएको बताए।

सिस्नेपारी खानेपानी सरसफाई उपभोक्ता समितिका अध्यक्ष बाबुराम पौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा वार एशोसियसन कास्कीका उपाध्यक्ष दीपक पौडेल, मन्दिर निर्माण समिति अर्न्तगत अर्थ संकलन समितिका संयोजक खगेन्द्र पौडेल, सचिव छवीलाल पौडेल लगायतले उक्त क्षेत्रको बस्ती नै पहिरो, हाइटेन्सन र सुइखेत खोलाको उच्च जोखिम भएको गुनासो गरेका थिए। स्थानियहरुले मन्त्री बराललाई घडा सहित फल मालाले स्वागत तथा बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको कामना समेत गरेका छन्।

## नेतृत्वलाई आत्मालोचना गर्न माग

**रासस**
**काठमाडौं, २२ साउन**

नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालपक्षीय केन्द्रीय कमिटीका सदस्यको बैठकमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीबाट विगतमा भएका कतिपय राजनीतिक निर्णय गलत भएको जनाउँदै एकताबद्ध पार्टीका लागि नेतृत्वले आत्मालोचना गर्नुपर्नेमा जोड दिइएको छ।

बिहीबारदेखि काठमाडौंमा जारी सो पक्षका केन्द्रीय सदस्यले पार्टीभित्र आत्मसम्मान, सहअस्तित्व र सामूहिक भावनाको विकास नहुँदा समस्या उत्पन्न भएकाले विवाद मिलाउन सक्रिय नेताले ती सन्दर्भलाई ख्याल गरेर समझदारी जुटाउनुपर्ने आवाज उठाउनुभएको हो । गत असार २८ गते पार्टीको विवाद समस्या समाधान कार्यदलले दिएको १० बुँदे सहमतिको प्रस्ताव मात्रै निकासका लागि पर्याप्त नभएकाले थप गृहकार्य गरेर पार्टीको लोकप्रिय छविलाई जनतासमक्ष पुनःस्थापित गर्न लाग्नुपर्नेमा पनि जोड दिइएको छ।

साथै अध्यक्ष ओलीले स्थानीय तहस्तरका पार्टीका अधिवेशन र विधान अधिवेशन तोक्ने निर्णय गरेर आफूखुशी अघि बढेकाले एकताको प्रक्रिया चलिरहेका बेला दुवै पक्षका समानान्तर गतिविधि हुन नहुने बैठकमा प्रस्ताव गरिएको छ। बैठकमा अहिले केन्द्रीय सदस्यको धारणा राख्ने क्रम सकिएर स्थायी कमिटीका नेताले बोल्ने क्रम चलिरहेको छ । पार्टीका केन्द्रीय सदस्य जगन्नाथ खतिवडाले कार्यदलले समाधानका लागि सबै सवाल नसमेटेकाले त्यसबारे आफूहरू स्पष्ट हुन चाहेको र आत्मसम्मानसहितको एकताका पक्षमा कुरा उठाइएको बताउनुभयो। उहाँले एकले अर्कोलाई अवहेलना र आरोपित गर्ने कार्यले सहजरूपमा काम गर्ने वातावरण नबन्ने भएकाले मनोवैज्ञानिक तथा भौतिकरूपमा सहज वातावरण निर्माण हुनुपर्ने बताउनुभयो।

नेता खतिवडाले पार्टीमा हार्दिकतापूर्वक सहयोगात्मक रूपमा सँगै काम गर्ने अवस्थाका लागि अध्यक्ष ओली र वरिष्ठ नेता नेपालको मेल हुनु महत्वपूर्ण पक्ष भएको जनाउनुभयो।

## ३,७२९ संक्रमित थपिए, ३५ को निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

एकैदिन शुक्रबार तीन हजार ७२९ जनामा कोभिड-१९ पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १५ हजार ६७५ मा गरिएको परीक्षणमा तीन हजार ७२९ मा सङ्क्रमण देखिएको पुष्टि भएको हो । शुक्रबारथपिएका सङ्क्रमितसँगै सङ्ख्या सात लाख ७७ हजार ५८९ पुगेको छ। सक्रिय सङ्क्रमित ३४ हजार ९४२ जना रहेका छन्।

विगत २४ घण्टामा एक हजार ८८५ जना निको भई घर फर्किएका छन् । शुक्रबारसँगै कुल छ लाख ६५ हजार ५४८ जना निको भइ घर फर्किएका हुन्। नेपालमा निको हुने दर ९३.७ प्रतिशत छ। यस्तै विगत २४ घण्टामा कोभिडका कारण ३५ जनाको निधन भएको छ। अहिलेसम्म कुल १० हजार १९ जना सङ्क्रमणको कारणले निधन भएको हो । यसैगरी ७३२ जना सघन उपचार कक्ष (आइसियु), १५८ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन् । यस्तै ३१ हजार ४२७ जना होमआइसोलेसन, तीन हजार ५१५ जना संस्थागत आइसोलेसन, ३५६ जना क्यारेन्टिन रहेका छन्। विगत २४ घण्टामा एक लाख २० हजार ८९९ जनाले खोप लगाएको मन्त्रालयले जनाएको छ।

## सबै परीक्षा स्थगन गर्न सिफारिस

**रासस**
**काठमाडौं, २२ साउन**

कोरोना संक्रमण बढेको भन्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निकट भविष्यमा हुन लागेका सबै परीक्षा स्थगन गर्न सिफारिस गरेको छ। स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले कोरोना संक्रमण फैलँदै गएको परिस्थितिमा चार लाख विद्यार्थीको जीवनरक्षाप्रति संवेदनशील रहेको उल्लेख गर्दै परीक्षा स्थगन गर्न सिफारिस गरिएको बताउनुभयो।

मन्त्रालयले सबै परीक्षा स्थगन गर्न शिक्षा मन्त्रालय र कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई सिफारिस गरिएको राज्यमन्त्री श्रेष्ठले सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ। कक्षा १२ को परीक्षा यही साउन ३१ गतेदेखि शुरु गर्ने तयारी छ।

## कोरोना कहरबाट पार लगाउने मौद्रिक नीतिको खोजी

**रासस**
**काठमाडौं, २२ साउन**

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारी गरिरहेको छ । सरकार परिवर्तन भएपछि केही दिन पर धकेलिएको नीतिका सम्बन्धमा सुझाव दिन प्रतिनिधिसभाको अर्थ समितिले पछिल्ला केही दिनदेखि निरन्तर छलफल गरिरहेको थियो। सोही छलफलका आधारमा समितिले विभिन्न १७ बुँदे निर्देशन दिएको छ।

आर्थिक वर्ष २०७७/७८ का लागि केन्द्रीय बैंकले ल्याएको मौद्रिक नीतिको राम्रै प्रशंसासमेत भएको थियो । कोरोनाका कारण समस्यामा परेको अर्थतन्त्रलाई लय दिन नीतिले राम्रै साथ दिएको भन्दै गभर्नर महाप्रसाद अधिकारीलाई धेरैले धन्यवादसमेत दिए । यही सन्दर्भमा अर्थ समितिले चालु आवको मौद्रिक नीति पनि कोरोना कहरमा फसेको अर्थतन्त्रको पुनरुत्थानमा केन्द्रित हुने गरी ल्याउन निर्देशन दिएको छ। कोरोनाले हरेक व्यावसायिक क्षेत्र धरापमा परेको छ। पर्यटन क्षेत्र उठ्नै नसक्ने भएको छ। राहत, सहुलियत खोज्ने क्षेत्र धेरै छन्। अर्थतन्त्रलाई खास अर्थमा परिचालन गर्ने क्षेत्रलाई विशेष ध्यान दिएर चालु आर्थिक वर्षको नीति ल्याउन जरुरी छ भन्ने मान्यताका साथ समितिले स्पष्ट निर्देशन दिएको सभापति कृष्णप्रसाद दाहालको भनाइ छ।

समितिको बैठकमा पूर्व अर्थमन्त्रीहरूले पनि एकैस्वरमा कोरोनाले थला पारेको व्यवसाय, उद्योग, प्रतिष्ठान तथा आम नागरिकको जीवनस्तर सुधार गर्ने ध्येयका साथ नीति ल्याउनुपर्नेमा जोड दिनुभएको थियो। कोरोनाले अर्थतन्त्रका अन्य क्षेत्र समस्यामा परे पनि बैंक तथा वित्तीय संस्थाको नाफा बढीरहेको, ब्याजदरमा अझै पनि ठूलो खाडल रहेको उहाँहरूको टिप्पणी थियो।

कर्जाको अभावमा ग्रामीण क्षेत्रमा लगानी विस्तार हुन नसकेको भन्दै ती क्षेत्रमा रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ नीति आवश्यक रहेको धारणा छ, पूर्व

बाँकी अन्तिम पृष्ठमा ▶▶



# बागलुङमा सक्रिय संक्रमित ५००

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ साउन**

कोरोना सङ्क्रमितको सङ्ख्या पुनःउकालो लागेको छ। स्वास्थ्य कार्यालयको पछिल्लो आँकडाअनुसार जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ५८० पुगेको छ । कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले पछिल्लोपटक एकैसाथ ८० नयाँ सङ्क्रमित फेला परेको जानकारीदिनुभयो । "आज निको हुने थपिएपछि सक्रिय सङ्क्रमितको सङ्ख्या केही घट्न पनि सक्छ", उहाँले भन्नुभयो । पछिल्ला दिनमा सङ्क्रमितको सङ्ख्या बढ्दै गएको देखिन्छ। बुधबार सक्रिय सङ्क्रमितको सङ्ख्या ४९७ पुगेकामा अहिले बढेर ५८० पुगिसकेको छ। गत असार तेस्रो साता जिल्लाभर सक्रिय सङ्क्रमितको सङ्ख्या घटेर २५४ मा पुगेको थियो । यसपछि भने सङ्क्रमितको सङ्ख्या लगातार बढेको छ । यसरी केही समय थामिएजस्तो देखिएको सङ्क्रमण दर फेरि उकालो लागेको हो । जिल्लामा गरिएको कूल पिसिआर परीक्षणमध्ये सङ्क्रमण दर २७.४ प्रतिशत छ जबकि नेपालको सङ्क्रमण दर १९.०३ प्रतिशत मात्र छ । देशभरको तुलनामा निको हुने दर पनि यहाँ कम छ। नेपालमा निको हुने दर ९४ प्रतिशत छ भने बागलुङमा ९१ प्रतिशत । देशभर मृत्युदर १.०५ हुँदा यहाँ भने त्यो भन्दा कम ०.९९ प्रतिशत छ । कोरोनाका जिल्लामा हालसम्म ६३ ले ज्यान गुमाएका छन्। जिल्ला बाहिर पनि मृत्युवरण गर्नेको सङ्ख्या हेर्दा भने सयभन्दा बढी पुगेको स्रोत व्यक्ति घिमिरले बताउनुभयो। सङ्क्रमणसँगै मृत्युका घटना पनि बढ्न थालेका छन् । निषेधाज्ञा खुकुलो पारिएसँगै सङ्क्रमणको जोखिम पनि उत्तिकै बढेको हुँदा स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा कडाइ गर्नुपर्ने धवलागिरि अस्पतालका प्रमुख चिकित्सक शैलेन्द्र विक पोखरलले बताउनुभयो।

हरेक व्यक्ति स्वयं सतर्क र जिम्मेवार नभएसम्म सङ्क्रमण रोकथाम गर्न नसकिने उहाँको भनाइ छ । होम आइसोलेशनमा रहेका सङ्क्रमितलाई आफ्नो स्वास्थ्य स्थितिबारे विशेषरूपमा चनाखो बन्न चिकित्सकले सुझाएका छन् । सङ्क्रमणले च्याप्दै लगेर अन्तिम अवस्थामा अस्पताल आउँदा कोरोनाको उपचार प्रभावकारी नहुने चिकित्सक बताउँछन्। पहिलो र दोस्रो लहरमा गरी यहाँका २२ हजार मा कोरोना परीक्षण गर्दा ६३०० बढी व्यक्तिमा सङ्क्रमण पुष्टि भइसकेको छ । कोरोना नियन्त्रणका लागि खोप अभियान पनि चलिरहेको छ।

# छ महिनाभित्र सबै प्रदेशवासीलाई खोप : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**दमौली, २२ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले छ महिनाभित्र सबै प्रदेशवासीले खोप पाउने बताउनुभएको छ । तनहुँको ऋषिङ गाउँपालिकाले आज आयोजना गरेको स्वागत एवं सम्मान कार्यक्रममा बोल्दै मुख्यमन्त्री पोखरेलले सरकारको पहिलो प्राथमिकता खोप भएको उल्लेख गर्नुभयो।

छ महिनाभित्र प्रदेशका सबै जनतालाई कोरोना विरुद्धको खोपको व्यवस्था गर्ने सरकारको प्रतिबद्धता रहेकाले त्योभन्दा पहिल्यै उक्त प्रतिवद्धता पूरा हुने मुख्यमन्त्री पोखरेलले बताउनुभयो । प्रदेशका एक तिहाइ जनताले खोप पाइसकेको



बताउँदै उहाँले भन्नुभयो, 'मनाङ र मुस्ताङ पूर्णखोपयुक्त जिल्ला भइसकेका छन्, खोप अभाव हुँदैन। त्यसका लागि प्रदेश सरकारले प्रयत्न गरिरहेको छ।' मुख्यमन्त्री पोखरेलले विकास निर्माणका काम अर्को वर्ष गरेपनि हुने भन्दै चालु वर्षको बजेटमा कोभिड नियन्त्रणलाई पहिलो प्राथमिकता दिइएको बताउनुभयो । 'बाटो अर्को वर्ष बनाउँला, पुल पनि अर्को वर्ष निर्माण गरौंला, जनताको ज्यानभन्दा ठूलो कुरा अरु हुँदैन,' उहाँले भन्नुभयो, 'पहिलो प्राथमिकता जनताको जीवनरक्षा गर्नु हो।' कोरोनाको तेस्रो लहरको खतरा बढेकाले त्यसको पूर्वतयारीमा सरकार लागिसकेको उहाँले जानकारी दिनुभयो। मुख्यमन्त्री पोखरेलले गत असारमा आएको बाढीपहिराबाट क्षति भएको संरचना पुनःस्थापनाका लागि सरकार प्रतिवद्ध रहेको बताउनुभयो। तीनवटै तहका सरकारको समन्वयमा पुनःस्थापनाका काम गरिने उहाँको भनाइ थियो । गण्डकी प्रदेशको समृद्धिका लागि सबै राजनीतिक दल एक ठाउँ उभिनुपर्नेमा उहाँले जोड दिनुभयो । 'प्रदेशको समृद्धि र विकासका लागि हामी एक छौं, प्रदेशवासीको जीवनस्तर उकास्न सरकार लागिपरेको छ,' उहाँले भन्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य डोवाटे विक, सरिता गुरुङ, संविधानसभा सदस्य झुलबहादुर आले, गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठलगायतले धारणा राख्नुभएको थियो।

# लागुऔषध कारोबारका गिरोह पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ साउन**

लागुऔषधको कारोवार गर्ने गिरोहलाई कास्की जिल्ला प्रहरीको सक्रियतामा रुपन्देहीबाट पक्राउ गरिएको छ।

असार ३० गते पोखरा महानगरपालिका-१ बगर बस्ने ४९ वर्षीय अर्जुन गुरुङलाई डाइजपाम ६७०, फेनरागन ६७० र ब्रफिनर्फिन ६७४ एम्पुलसहित पक्राउ गरी अनुसन्धान थालिएकामा भैरहवा निवासी 'रमेश गुप्ता' भनिने प्रकाश बानियाँसहित अन्य दुई पक्राउ परेका छन् । लागुऔषधको कारोबार गरेको भन्ने सूचनाका आधारमा कास्की प्रहरीले रुपन्देही जिल्ला प्रहरी कार्यालय र बुटवल इलाका प्रहरी कार्यालयलाई उनीहरूको हुलियासहित विवरण पठाएको थियो।

रुपन्देहीको प्रहरी टोलीले साउन २१ गते बिहान बुटबल उपमहानगरपालिका-२ मैनाबगरमा लागुऔषध बिक्री गर्न ल्याउँदै गरेको अवस्थामा बानियाँसहित तीन जनालाई पक्राउ गरेको थियो । प्रहरीले उनीहरूको साथबाट फेनरागन ४५७ एम्पुल, नुर्फिन ४६२ एम्पुल, सेरीजेट ४७६ एम्पुल, नाइट्रोसन ६७५ चक्की र नाइट्रोभ्याट ७० चक्की फेला पारेको थियो।

मैनाबगर बस्ने ४५ वर्षीया सानुदेवी पुन र नवलपरासीकै सरवाल गाउँपालिका-४ बस्ने ३४ वर्षीया सुभादेवी हरिजन पनि लागुऔषध कारोबारमा सम्लग्न देखिएकाले उनीहरूमाथि पनि अनुसन्धान भइरहेको कास्कीका प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिनुभयो।

# ७५ पदकसहित चीन शीर्ष स्थानमा कायमै

**रासस**
**काठमाडौं, २२ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा चीन ७५ पदकसहित शीर्ष स्थानमा कायमै रहेको छ । अमेरिका र जापानलाई उछिन्दै चीन शीर्षस्थान ओगट्न सफल भएको हो।

चीनले हालसम्म ३४ स्वर्ण, २४ रजत र १७ कास्य पदक प्राप्त गरेको छ । अमेरिका दोस्रो तथा जापान तेस्रो स्थानमा रहेका छन् । अमेरिकाले ३१ स्वर्ण, ३५ रजत र ३० कास्य पदक प्राप्त गरेको छ भने जापानले २३ स्वर्ण, १० रजत र १५ कास्य प्राप्त गर्न सफल भएको छ । रसियन ओलम्पिक कमिटी पदक तालिकाको चौंथो स्थानमा उक्लिएको छ। उसले १७ स्वर्ण, २३ रजत र २२ कास्य पदक प्राप्त गरेको छ। बेलायत १७ स्वर्ण, १८ रजत र १८ कास्य पदकसहित पाँचौं स्थानमा छ। यसैगरी अस्ट्रलिया १७ स्वर्ण, छ रजत र २० कास्य पदक प्राप्त गर्दै छैटौं स्थानमा छ। जर्मनी नौ स्वर्ण, १० रजत र १६ कास्यसहित सातौं, इटली आठ स्वर्ण, १० रजत र १८ कास्यका साथ आठौं, फ्रान्स सात स्वर्ण, ११ रजत र नौ कास्य जित्दै नवौं तथा नेदरल्याण्डस् सात स्वर्ण, नौ रजत र ११ कास्यका साथ पदक तालिकाको १०औं स्थानमा रहेको टोकियो ओलम्पिकको वेभसाइटमा उल्लेख छ। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म ८८ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका थिए । सुटिङकी कल्पना परियार, जुडोकी सोनिया भट्ट, पौडीका एलेक्स शाह र गौरिका सिंह तथा एथलेटिक्सकी सरस्वती चौधरीले आ आफ्नो खेलमा प्रतिस्पर्धा गर्नुभएको थियो । पाँचै खेलाडी टोकियो ओलम्पिकबाट बाहिरिनुभएको छ।

## कोरोना...

प्रधानमन्त्री डा बाबुराम भट्टराईको। बैंक तथा वित्तीय संस्थाको ध्यान घरजग्गामा मात्रै कर्जा प्रवाह गर्ने जस्तो रहेको उल्लेख गर्दै उहाँले ग्रामीण क्षेत्रको गरिबी हटाउँदै असमानतालाई कम गर्ने नीति नै आजको प्रमुख आवश्यकता रहेको बताउनुभयो । अनुत्पादक क्षेत्रमा मात्रै कर्जा लगानी गर्दा देश र जनता सधैँ गरिब भइरहने, बेरोजगार युवाले रोजगारीका लागि विदेश जानै पर्ने बाध्यता आइपरेको तथ्यलाई नीतिले आत्मसात् गर्नुपर्ने डा भट्टराईको सुझाव छ।




# एमालेमा विधान संशोधनका लागि सुझाव लिन शुरु

**रासस**
**काठमाडौं, २२ साउन**

नेकपा (एमाले) ले विधान अधिवेशनमा पेश गरिने विधान मस्यौदाका लागि आवश्यक सुझाव लिने कार्य शुरु गरेको छ। मुलुकको सङ्घीय संरचनानुकूल विधान बनाउन पार्टीका अध्यक्ष केपी शर्मा ओलीले आज छलफल प्रारम्भ गर्नुभएको सो पार्टीका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो।

एमालेले आगामी भदौको २७ र २८ गतेका लागि विधान अधिवेशन तय गरेको छ भने असोजको पहिलो साताभित्र पालिकास्तरका कमिटीको अधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक गरेको छ। सो अघि यही साउन २४ गते केन्द्रीय कमिटीको बैठक डाकिएको छ।

वरिष्ठ नेता माधवकुमार नेपालपक्षीय केन्द्रीय कमिटीका सदस्यको बैठकले एकताका लागि अध्यक्ष ओलीबाट विगतमा भएका कतिपय राजनीतिक निर्णयप्रति माफी माग्नुपर्ने लगायतका प्रस्तावबारे सोधिएको प्रश्नमा प्रवक्ता ज्ञवालीले टिप्पणी गर्न नचाहेको बताउनुभयो । उहाँले अनन्तकालसम्मपार्टीकागतिविधिलाई अवरुद्ध गरेर जान नसकिने पनि स्पष्ट गर्नुभयो।


बिहीबारदेखि काठमाडौंमा जारी नेता नेपाल पक्षको केन्द्रीय सदस्यको बैठकले पार्टीभित्र आत्मसम्मान, सहअस्तित्व र सामूहिक भावनाको विकास नहुँदा समस्या उत्पन्न भएकाले विवाद मिलाउन सक्रिय नेताले ती सन्दर्भलाई ख्याल गरेर समझदारी जुटाउनुपर्ने आवाज उठाएका थिए।

नेता रघुजी पन्तले गत असार २७ गते विवाद समाधान कार्यदलले तयार गरेको सहमतिको आधार र नेताबीचको लगातारको पहलका आधारमा एकता हुनुपर्ने तर शीर्ष नेतामाथिको लाञ्छना युक्त अभिव्यक्ति बन्द हुनुपर्ने बताउनुभयो।

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# परीक्षा दिँदै सात दिनकी सुत्केरी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २२ साउन**

म्याग्दीको एउटा परीक्षा केन्द्रमा सात दिनको नवजात शिशुलाई काखमा च्यापेर एक सुत्केरी छात्राले परीक्षा दिइरहेकी छिन् । जारी कक्षा ११ को परीक्षामा धवलागिरि गाउँपालिका–४ मुदी घर भई सदरमुकामस्थित प्रकाश माध्यमिक विद्यालयमा पढ्दै गरेकी कक्षा ११ की परीक्षार्थी चनिषा घर्तीमगर सुत्केरी अवस्थामै परीक्षामा सहभागी हुनुभएको हो ।



विद्यालयको शिक्षाशास्त्र विषय समूहमा अध्ययनरत मगरले पाँच ओटा परीक्षा दिइसकेको प्रधानाध्यापक हरिकृष्ण सुवेदीले जानकारी दिनुभयो । "हामीले सुत्केरीका लागि छुट्टै स्तनपान कक्षको व्यवस्था गरेका छौँ", प्रअ सुवेदीले भन्नुभयो । उहाँका अनुसार सामान्य विद्यार्थी जस्तै एउटै हलमा बसेर सुत्केरी विद्यार्थीले पनि परीक्षा दिनुभएको छ । विद्यालयमा कार्यरत स्वास्थ्यकर्मी (स्टाफ नर्स) चन्द्रप्रभा भण्डारीले आमा र बच्चाको अवस्था भने सामान्य रहेको जानकारी दिनुभयो ।

गत जेठमै सम्पन्न हुनुपर्ने कक्षा ११ र १२ को परीक्षा कोरोना महामारीका कारण स्थगित भएको थियो । राष्ट्रिय परीक्षा बोर्डले स्वास्थ्यका न्युनतम मापदण्ड अपनाई परीक्षा सञ्चालन गर्न निर्देशन दिएपछि प्रकाश माविले गत आइतबारदेखि परीक्षा सुरु गरेको हो ।

परीक्षामा विद्यार्थीहरूको उत्साहजनक उपस्थिति देखिएको छ । महामारीका कारण वैशाखदेखि अनलाइन कक्षाको भरमा पढेका विद्यार्थीहरू परीक्षामा सहभागी भएका हुन् ।

कक्षा ११/१२ तर्फका संयोजक कविराम थापाले कक्षा ११ का कुल २४५ विद्यार्थीमध्ये २३७ जना परीक्षामा सहभागी भएको जानकारी दिनुभयो ।

# संरक्षणको अभावमा म्याग्दीका खानी पुरिन थाले

**– ध्रुवसागर शर्मा**
**म्याग्दी, २२ साउन**

म्याग्दीमा रहेका तामा, स्लेट, खरि, चुनढुङ्गा र फलामखानी उपभोग र संरक्षणको अभावमा पुरिन थालेका छन् । वर्षौंदेखि अलपत्र अवस्थामा रहेका म्याग्दीको जिल्लाको पश्चिमी तथा उत्तरी भेगका लेखाली क्षेत्र स्थित ती बहुमूल्य खानीहरू उत्खननको अनुमति नपाउँदा जङ्गलमै पुरिन थालेका हुन् ।

सङ्घीय सरकारको मातहतमा रहेका खानी तथा भूगर्भ विभागले खानी सञ्चालनको अनुमति नदिँदा स्थानीय तहको बलियो आयस्रोत बन्न सक्ने दर्जनौं खानीहरू जङ्गलका भीर पहरामा त्यतिकै अलपत्र परेका छन् । सम्बन्धित स्थानीय तह र सरोकारवालाले खानी सञ्चालनका विषयमा पटकपटक नेपाल सरकार र सम्बन्धित निकायसँग उत्खनन् को अनुमति माग गर्दा पनि प्राप्त नभएपछि यी खानीहरू 'भिल्लाका देशका मणी' जस्तै प्रयोग र महत्वविहीन बनेका छन् ।

जिल्लाका पश्चिमी तथा उत्तरी क्षेत्रमा तामादेखि लिएर नुनसम्मका खानीहरू रहेको पुष्टि भएपनि सम्बन्धित निकायको मौनताले र उत्खनन् सम्बन्धी प्रष्ट नीतिगत व्यवस्थाको अभावमा खानीहरू अलपत्र परेका सरोकारवालाले बताएका छन् । म्याग्दीको मालिका गाउँपालिका–५ ओखरबोटस्थित नेपालकै उत्कृष्ट मानिएको तामाखानी पनि स्पष्ट नीतिको अभावका कारण उत्खनन् गर्न नसकिएको खानीका पूर्वठेकेदार तथा मालिका गाउँपालिका–५ ओखरबोटका वडाध्यक्ष दिलीप शेरचनले बताउनुभयो । उहाँका अनुसार जिल्लामा रहेका तामा, स्लेट (घर छाउने ढुङ्गा), सिलाजित, खरी, चुनढुङ्गाका खानी वर्षौंदेखि उत्खनन हुन नसक्दा अलपत्र अवस्थामा छन् भने संरक्षण हुन नसकेपछि पुरिँदै गएका छन् ।

खानीहरूको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित निकायले चासो देखाएका छैनन् । स्थानीय बूढापाकाका अनुसार ओखरबोट, भकिम्ली, गौश्वारालगायतका ठाउँमा रहेका तामाखानी २०२८ सालसम्म सञ्चालनमा थिए । तत्कालीन सरकारले खानी उत्खनन् गरेबापत लिने कर (भेजा) तिर्न नसकेपछि सो कार्य बन्द भएको थियो । "तत्कालीन सरकारको कर नीतिका कारण हाम्रा पूर्खाले उत्खनन् गर्न छाडेका हुन्" मल्कावाङका ७१ वर्षीय दलबहादुर छन्त्यालले बताउनुभयो । साविकका गुर्जा, ताकम, कुइनेमङ्गले, ओखरबोट, मल्कवाङ, भकिम्लीलगायतका गाविसमा करिब २० वटा तामा खानी रहेका छन् । त्यतिखेर उत्खनन् का लागि छन्त्याल समुदायलाई जिम्मेवारी दिइएको थियो । विसं २०६८ को जनगणनाअनुसार नेपालमा छन्त्याल जातिको जनसङ्ख्या एघार हजार रहेको छ ।

जङ्गलका बीचमा पहाडभित्र रहेका खानीमा बाहिरबाट ढुङ्गा, हिलो र भल गएर थुप्रिएर पुरिन लागेकामा छन्त्याल समुदाय चिन्तित भएका छन् । खानी खनेर जीविकोपार्जन गर्दै आएका म्याग्दीका विभिन्न ठाउँमा बसोवास गर्ने छन्त्याल समुदाय परम्परागत पेशाबाट विस्थापित भएका छन् । परम्परागत पेसाबाट विस्थापित भएका उनीहरू पछिल्लो समय वैदेशिक रोजगारी र अन्य पेसामा आवद्ध भएका छन् । म्याग्दी र बागलुङको बुर्तिवाङ क्षेत्र छन्त्याल समुदायको परम्परागत थातथलो हो । छन्त्याल समुदायले उत्खनन गरेका धातु दलित समुदायले प्रशोधन गरेपछि थकाली समुदायले देशका विभिन्न स्थानमा लगेर बिक्री गर्ने गर्दथे । त्यतिबेला छन्त्याल समुदायले माटो सुघेर पनि खानी पत्ता लगाउने गरेको बूढापाकाहरूको भनाइ छ । खानी रहेका ठाउँ अहिले पुरिँदै गएका छन् । खानी उत्खनन गर्न खनिएका पाँच सय मिटरसम्मका सुरुङहरू ओखरबोटमा अझै भेटिने स्थानीयवासी नविन पुनले बताउनुभयो । उहाँका अनुसार ती सुरुङमा अहिले पानी भरिएर ताल बनेको छ भने सुरुङ भित्र तामाका धाउहरू असरल्ल अवस्थामा रहेका छन् । प्रशोधनपछि काम नलाग्ने भएर फालिएका धातुका टुक्रा यत्रतत्र छरिएर रहेका अझै भेटिन्छन् । तत्कालीन अवस्थामा छिना, मार्तल, गल, घन, कुटो, कोदालोको प्रयोग गरेर खानी उत्खनन् गर्ने चलन थियो । खानी उत्खनन् गर्ने अधिकार सङ्घीय सरकारले स्थानीय तहलाई दिनुपर्ने आवाज म्याग्दीमा तीव्ररूपमा उठ्ने गरेको छ । यसका लागि कतिपय जनप्रतिनिधिहरू सम्बन्धित मन्त्रालय र खानी तथा पुरातत्व विभागमा डेलिगेशन समेत गएका छन् । रुम र लुलाङमा रहेका स्लेट खानीबाट परम्परागत रूपमा उत्खनन् भने भइरहेको छ ।

# धेरै मुद्दा सम्बन्धविच्छेदका

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ साउन**

अदालतमा सम्बन्धविच्छेदका मुद्दा बढी आउन थालेका छन् । पछिल्ला वर्षको आँकडाले समाजमा यस्ता मुद्दा वृद्धि भएको देखाउँछ । गत आवमा जिल्ला अदालतमा दर्ता भएका ३९६ मध्ये १७० सम्बन्धविच्छेदका थिए ।

आव २०७५/७६ मा १९३ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको थियो । नयाँ मुलुकी संहिता लागू भएपछि पुरुषलाई पनि महिला सरह अधिकार दिएकाले यस्ता मुद्दा दर्ता हुने क्रम बढेको अदालतले जनाएको छ । अघिल्लो वर्ष जिम्मेवारी सरेर आएका र फैसला हुन बाँकी गरी २४२ सम्बन्धविच्छेदका मध्ये १८० मुद्दा टुङ्गो लागेको थियो । आव ०७६/०७७ मा जिम्मेवारी सरी आएका ७२ सम्बन्धविच्छेदका मध्ये १४ को फैसला हुन बाँकी रहेको र गत आवमा दर्ता भएकामध्ये ८४ वटाको पनि फैसला हुन बाँकी छ । गत आवमा मिलापत्र भएकामध्ये १२२ थान सम्बन्धविच्छेदका थिए । तीमध्ये एउटामा मात्र सँगै बस्नेगरी मिलापत्र गराइएको र बाँकी सबैमा सम्बन्धविच्छेद गराइएको थियो । एक सय ७०मुद्दामध्ये धेरैजसो महिलाले र ३० मात्र पुरुषले दर्ता गराएका न्यायाधीश वासुदेव न्यौपानेले बताउनुभयो । "अदालतले सकभर सम्बन्धविच्छेद नहोस् भन्ने चाहन्छ, सम्बन्ध सुधार र मिलापत्रका लागि प्रयास हुन्छ", उहाँले भन्नुभयो, "सँगै बस्नै नसक्ने अवस्थामा मात्र सम्बन्धविच्छेद गराइन्छ ।" मुद्दा दर्ता हुनासाथ सम्बन्धविच्छेद गराउन नहुने कानुनी व्यवस्थाले मिलापत्रका लागि प्रयास गरिन्छ ।

मुलुकी संहिता जारी भएपछि पुराना घटनामा पनि सम्बन्धविच्छेद गराउन आउनेको सङ्ख्या बढेको अदालतले जनाएको छ । कमाइ र सम्पत्तिको अधिकार तथा उपभोगको विषयमा हुने विवाद सम्बन्धविच्छेदको हदसम्म पुग्ने गरेको न्यायाधीश न्यौपानेको भनाइ छ । "वैदेशिक रोजगारसँग जोडिएर आउने घटना पनि बढी छन्", उहाँले भन्नुभयो, "कतिपयले त सामान्य विवादमा पनि सम्बन्धविच्छेद नै रोज्छन् ।"

अदालतमा जबर्जस्ती करणी, हत्या, लागुऔषध, चोरीलगायत मुद्दा पनि दर्ता भएका छन् । गत आवमा दर्ता भएका ४२ जबर्जस्ती करणीका मुद्दामध्ये १८ फछ्र्यौट भएको र १४ को चालु आवमा जिम्मेवारी सरेको अदालतले जनाएको छ । यस्तै ज्यानसम्बन्धीका २४मध्ये छ फछ्र्यौट भएका र १८ को बाँकी छ ।

लागूऔषधका १९मध्ये १२ फछ्र्यौट हुन बाँकी छ । गत आवमा विभिन्न प्रकृतिका ६९९मध्ये ३६८ मुद्दा फछ्र्यौट भएको अदालतले जनाएको छ । कोरोना महामारीका कारण भएको बन्दाबन्दी र निषेधाज्ञाका कारण मुद्दा फछ्र्यौटमा कमी आएको हो । सहज स्थितिमा लक्ष्यभन्दा बढी मुद्दा फछ्र्यौट हुने गरेकामा गत आवमा जम्मा ५२दशमलव६४ प्रतिशत मात्र प्रगति भएको देखिन्छ ।

# अब बर्खामा टुट्ने छैन तमानको सम्बन्ध

**– खेमराज गौतम**
**बागलुङ, २२ साउन (रासस)**

जिल्लाकै दुर्गम मानिएको तमानखोलामा यस पटक खोला बढेर यातायात रोकिएन । बर्खामा तीन महिना यातायात ठप्प हुने तमानखोला गाउँपालिकामा यस वर्षदेखि बाह्रैमास सवारी सञ्चालन भएका छन् ।

जिल्लाको दोस्रो व्यापारिक सहर बुर्तिवाङ बजारबाट तमानखोलाको केन्द्र बोङ्गादोभान पुग्ने सडक र दुई पक्की पुल राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निर्माण गरेसँगै यात्रुलाई सहज भएको छ ।

बर्खाको समयमा निकै समस्या भेलेर पुल निर्माण गरिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ बागलुङले स्तरोन्नति गरेको बुर्तिवाङ तमानखोला सडकमा आवश्यक दुई पक्की पुलमध्ये लुकुरबन खोलाको पक्की पुलमा सवारी गुड्न थालेका छन् भने भालुवाङ खोलाको पुल ९५ प्रतिशत सम्पन्न भइसकेको प्राधिकरणले जनाएको छ । यो दुवै पुल बनेपछि बर्खायाममा दुईवटा खोलामा गाडी परिवर्तन गर्नुपर्ने र पैदल यात्राको सकस बेहोर्नुपर्ने बाध्यता अन्त्य हुन थालेको छ ।

अहिले बुर्तिवाङ–तमानखोला सडक ग्राभेल गरेसँगै बुर्तिवाङबाट तमानखोला गाउँपालिकाको केन्द्र पुग्न यात्रुलाई निकै सहज भएको छ तर पुल अभावमा बर्खाको चार महिना समस्या भए पनि आगामी बर्खामा यस्तो समस्या नहुने तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिनुभयो । "लुकुरबन खोलाको पुलमा सवारी हिँड्न थाले, भालुवाङमा पुल निर्माण अन्तिम चरणमा पुगेको छ, बर्खाको चार महिना गाउँपालिकाको केन्द्रसम्म यातायातको सम्बन्ध विच्छेद हुने अवस्था अब अन्त्य भएको छ, पालिका सदरमुकामदेखि माथि त धेरै पुल बन्न बाँकी नै छन्", अध्यक्ष बुढाले भन्नुभयो "दुर्गम मानिएको बोङ्गादोभान बजारमा बुर्तिवाङबाट एक घण्टाभित्रै पुग्न सकिने भएको छ, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सडक र पुल निर्माण गरेर दुर्गम मानिएको गाउँपालिकाको परिचय बदलिएको छ ।" अध्यक्ष बुढाका अनुसार हिउँदमा तमानखोलाका सबै वडामा सवारी पुग्ने सडक बनाइएको छ ।

बुर्तिवाङबाट तमानखोला सम्मको नौ दशमलव आठ किलोमिटर सडक ग्राभेल गर्नका लागि २०७५ साल वैशाख १० गते कालिका प्यासिफिक जेभीसँग ठेक्का सम्झौता गरी रु १७ करोड नौ लाखमा सडक निर्माण सम्पन्न गरिएको छ । उक्त सडकमा दुई पक्की पुल निर्माण करिब सकिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ प्रमुख रेणुकाकुमारी पाण्डेयले जानकारी दिनुभयो । "बर्खामा ढलान गरेको भालुवाङ खोलाको पुल भण्डै बगाएको थिएन, प्राविधिक, स्थानीय जनप्रतिनिधि तथा गाउँपालिकाको सहयोगमा खोलालाई धार परिवर्तन गराएर क्षतिबाट जोगायौं, ढलान भएको केही दिनमै उक्त खोलामा बाढी आएको थियो", पाण्डेले भन्नुभयो, "उक्त खोलाको पुल निर्माण ९५ प्रतिशत सकिएको छ, लुकुरबनको पुलमा सवारी गुड्न थालेका छन् ।"

भूकम्पले क्षति पुऱ्याएका भौतिक संरचनाको पुनर्निर्माण गर्ने आयोजनाले यो सडक निर्माणसँगै पुल निर्माणसमेत गरेको पुनर्निर्माण प्राधिकरण आयोजनाका इन्जिनीयर हरिशचन्द्र बढुले जानकारी दिनुभयो । उहाँका अनुसार कोरोनाका कारण लुकुरबनको पुल निर्माण केही महिना रोकिएको थियो । रु तीन करोड ६६ लाखको बजेटमा लुकुरबन खोला पुल निर्माण भएको छ । विसं २०७६ मङ्सिरदेखि शुरु भएको उक्त पुल २५ मिटर लम्बाइ र आठ दशमलव पाँच मिटर चौडाइ रहेको पुल निर्माणको जिम्मा पाएको कर्ण/प्रदीप/जुम्ली जेभीले जनाएको छ ।

यस्तै नौ महिनामा सक्ने गरी २०७७ साल असोज १२ गते निर्माण सुरु भएको भालुवाङ खोला पक्की पुल कोरोनाका कारण केही महिना ढिला गरी सम्पन्न हुन थालेको छ । रु चार करोड ४२ लाखमा नयाँबाटो/सूर्योदय/बीएम जेभीले निर्माणको जिम्मा पाएको उक्त पुल ४० मिटर लम्बाइ र आठ दशमलव पाँच मिटर चौडाइको छ । बागलुङ जिल्ला सदरमुकामपछिको दोस्रो व्यापारिक केन्द्र बुर्तिवाङ बजारबाट तमान क्षणभरमै पुग्न थालेपछि स्थानीयवासीलाई आवतजावत सहज भएको मात्रै छैन अब बर्खामा समेत यातायातका साधन सञ्चालनमा आउने भएको छ ।

जिल्ला सदरमुकामबाट ९२ किलोमिटर मध्यपहाडी पुष्पलाल राजमार्ग र त्यसपछि १० किलोमिटर बुर्तिवाङबाट तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभानसम्म पुग्न सकिन्छ । पुल नहुँदा बर्खाको चार महिना यातायातका साधन ठप्प हुँदै आएकाथिए । 'ट्र्याक' निर्माणपश्चात् बुर्तिवाङदेखि तमानखोलासम्म निकै सास्ती खेपेर करिब दुई घण्टा लाग्ने सडकमा ग्राभेल सडक निर्माणसँगै करिब आधा घण्टामै सरर तमानखोलाको केन्द्र पुग्न सकिन्छ ।


## सूचना



स्याङजा जिल्ला साविक बहाकोट–५ हाल पुतलीबजार नगरपालिका–८ निवासी भारतीय सेनाका ४/८ जी.आर.जे.सी. १५३०५१ प सुवेदार दिपेन्द्रबहादुर थापाकी एक मात्र पत्नी सकुन थापाको जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट जारी भएको ३१७ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम धनकुमारी थापा मगर भएको हुँदा निजको बोलीचालीको नाम सकुन थापा भएको र सोही नाम भारतीय सेनाको अभिलेखमा जनिन गई फरक फरक नामथर भएको देखिएता पनि निज सकुन थापा र धनकुमारी थापा मगर भन्ने एउटै व्यक्ति भएको सार्वजनिक जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : शत्रुको भय | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : कार्यमा सफलता |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : मानसिक तनाव | मीन | : व्यापारमा लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


# नेपालले भारतसित मैत्रीपूर्ण फुटबल खेल्ने

**रासस**
**काठमाडौं, २२ साउन**

नेपाली फुटबल टोलीले भारतसित आगामी महिना दुई मैत्रीपूर्ण खेल खेल्ने भएको छ ।

नेपालले भदौ १७ र २० गते भारतसित मैत्रीपूर्ण खेल खेल्ने अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । दुवै खेल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा खेलाइने छ । भारतीय फुटबल सङ्घले मैत्रीपूर्ण खेलका लागि एन्फासित प्रस्ताव राखेको हो । उक्त प्रस्ताव एन्फाले स्वीकार गरेको छ । नेपालले १३औँ दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ) आयोजना गर्नका लागि समेत प्रस्ताव अघि बढाएको छ ।

उक्त प्रतियोगिता अघि नेपालले भारतसित मैत्रीपूर्ण फुटबल खेल्न लागेको हो । बङ्गलादेशले कोरोना महामारीका कारण साफ च्याम्पियनसिप आयोजना गर्न नसक्ने जनाएपछि नेपालले सो प्रतियोगिता आयोजना गर्न इच्छा देखाएको हो । नेपालमा आगामी अक्टोबरमा १३औँ संस्करणको साफ च्याम्पियनसिप गर्न एन्फाले साफलाई पत्र पठाएको छ । नेपालले यसअघि सन् १९९७ र सन् २०१३ मा साफ च्याम्पियनसिप आयोजना गरिसकेको छ ।

# 'महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय' निर्माण सुरु

**रासस**
**काठमाडौं, २२ साउन**

नेपाल प्रज्ञा प्रतिष्ठानले महाकवि लक्ष्मीप्रसाद देवकोटाको परिवारबाट मोहियानी हक हस्तान्तरण भई प्रतिष्ठानका नाममा हकभोगमा आएको घर 'कविकुञ्ज' लाई 'महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय' बनाउने काम सुरु भएको जनाएको छ । काठमाडौँ महानगरपालिका–३०, मैतीदेवीस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटा परिवारको नाममा मोहियानी हक रहेको उक्त घर 'कविकुञ्ज' र उक्त घरले चर्चेको १२ आना एक दाम जग्गा नेपाल सरकारको सहयोगमा देवकोटा परिवारलाई रु दुई करोड ५० लाख उपलब्ध गराई 'महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय' निर्माणका लागि प्रतिष्ठानको हकभोगमा ल्याइएको थियो । प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती र सदस्यसचिव प्रा जगतप्रसाद उपाध्यायले आज विज्ञप्ति जारी गरी सो सङ्ग्रहालय निर्माणबारे कुनै भ्रममा नपरी आवश्यक सहयोग गर्न सबैमा आग्रह गर्नुभएको छ ।

देवकोटा परिवारका अनुसार २००० सालमा बनेको र सोही वर्षदेखि प्रयोगमा आएको उक्त घरको तेस्रो तला २०१४ सालमा थपिएको थियो । विगत १५ वर्षदेखि प्रयोगमा नभएको र २०७२ सालको विनाशकारी भूकम्पबाट थप क्षतविक्षत भएको उक्त घर प्रतिष्ठानको हकभोगमा आए लगत्तै पटकपटक विशेषज्ञ प्राविधिकहरू र सरोकारवालाहरूसँग बसेर सबलीकरण गर्न सकिने/नसकिने विषयमा स्थलगत अवलोकनसहित छलफल गरिएको थियो । "अवलोकन गर्दा भग्नावशेषमा परिणत हुन लागेको उक्त घरको गारोमा प्रयोग भएका धेरै ईँटाहरू काँचा र टुक्रा भएको, सग्ला ईँटा अत्यन्त कम मात्र भएको, त्यहाँ प्रयोग भएको काठ धमिराले खाएको र मक्किइसकेको, भित्र पस्दा तला तलामा भ्याङ नै भ्याङ भएको र भ्याङ नभएका ठाउँमा समेत पाइला टेक्दा धसिने गरेको अनि उभिएका ठाउँमा समेत माथिल्ला तलबाट मक्किएका दलिन र माटो खस्ने गरेको त्रासपूर्ण अवस्थाको थियो", विज्ञप्तिमा उल्लेख छ ।

उक्त घरलाई यथावत् राखी सबलीकरण गर्न नसकिने प्राविधिक ठहर भएपछि साबिककै घरको बाह्यस्वरूप आउने गरी प्रस्तावित 'महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय' निर्माणको प्रक्रिया अगाडि बढाइएको विज्ञप्तिमा उल्लेख छ ।

प्रस्तावित सङ्ग्रहालय निर्माण प्रयोजनका लागि साबिककै घर भत्काउनु बाध्यात्मक अवस्था हो । प्रस्तावित सङ्ग्रहालय भवन विभिन्न उमेर अवस्थाका अवलोकनकर्ताहरूलाई दृष्टिगत गरी सुविधाका दृष्टिले आधुनिकता र कलाका दृष्टिले नेपाली मौलिकता कायम हुने गरी निर्माण गर्न लागिएको जनाइएको छ ।

# बस्ती छिर्दै चितुवा : नियन्त्रणका लागि उपकरण र जनशक्ति अभाव

– वासुदेव पौडेल
कास्की, २२ साउन (रासस)



दुई तीनदेखि कास्कीको अन्नपूर्ण गाउँपालिकाको वडा नं ३ स्थित नागडाँडामा चितुवा बस्तीमा डुल्न थालेपछि त्यहाँका सर्वसाधारण त्रसित थिए । दुई दिनको अन्तरालमा पटकपटक गाउँका विभिन्न स्थानमा देखिएको चितुवा अन्ततः जिल्ला वन कार्यालयका प्रतिनिधि, सुरक्षाकर्मी र स्थानीयवासीको प्रयासमा नियन्त्रणमा लिएर आज डिभिजन वन कार्यालय पुऱ्याइएको छ।

तीन दिनयता अन्नपूर्ण-३ पाउँदुर क्षेत्रमा देखिएको चितुवा स्थानीयवासीले पटकपटक लखेटे पनि आज सोही स्थानकै पोखरा-बागलुङ राजमार्गमा पुनःभेटिएपछि प्रहरी तथा डिभिजन वन कार्यालयमा खबर गरिएको गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो।

उहाँका अनुसार दुई वर्षअघि सोही गाउँपालिकाकै रयालेमा चितुवाले मानिसलाई आक्रमण गरेको थियो । पछिल्ला वर्षमा कास्की, तनहुँ र आसपासका जिल्लामा चितुवा गाउँ बस्तीमा प्रवेश गर्ने र मानिसलाई आक्रमण गर्नेक्रम बढ्दै गएको छ । गत असारमा पोखरा महानगरपालिका-८ स्थित नागबेली टोलमा चितुवा छिरेपछि वन कार्यालयका प्रतिनिधि र सुरक्षाकर्मीको सहयोगमा नियन्त्रणमा लिइएको थियो।

गाउँमा चितुवा पसेपछि स्थानीयवासीले गुहार्ने निकाय भनेको डिभिजन वन कार्यालय भए पनि चितुवालगायत हिंस्रक वन्यजन्तु नियन्त्रणका लागि वन कार्यालयमा कुनै उपकरण र दक्ष जनशक्ति छैन । बस्ती पसेको चितुवा नियन्त्रणका लागि डार्टको आवश्यकता पर्दछ । यो उपकरण डिभिजन वन कार्यालयमा उपलब्ध नभएको डिभिजन वन अधिकृत केदार बरालले जानकारी दिनुभयो । उहाँका अनुसार यो उपकरण हाल चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र सदर चिडियाखानामा मात्रै छ । उपकरण मगाउनका लागि गृह मन्त्रालय, रक्षा मन्त्रालय जस्ता निकायको स्वीकृति लिनुपर्ने कानूनी व्यवस्था रहेको जनाउँदै उहाँले हालसम्म कुनै पनि डिभिजन वन कार्यालयमा सो उपकरण उपलब्ध हुन नसकेको बताउनुभयो । "चितुवा बस्तीपसेपछिशुरुमासर्वसाधारणले डिभिजन वन कार्यालयमा खबर गर्दछन्", उहाँले भन्नुभयो, "खबर आइसकेपछि विनाउपकरण तथा दक्ष जनशक्ति नहुँदा आफूलाई नै असुरक्षित बनाएर हामीले सुरक्षाकर्मी तथा स्थानीयको सहयोगमा नियन्त्रणमा लिएर उसको प्राकृतिक बासस्थानमा छाड्ने गरेका छौँ ।" पछिल्ला वर्षमा चितुवा बस्तीमा पस्नेक्रम बढेपछि सो उपकरणको व्यवस्थाका लागि माग गर्दै आए पनि त्यसको हालसम्म सुनुवाइ हुन नसकेको उहाँको गुनासो छ। "हामी उपकरणको अभावमा असुरक्षित भएर पनि चितुवालाई नियन्त्रणमा लिई प्राकृतिक बासस्थानमा छाड्न बाध्य छौँ", बरालले भन्नुभयो, "सुरक्षित तवरले नियन्त्रण गर्ने तालिमका साथै उपकरणको तुरुन्त व्यवस्था गर्नुपर्ने देखिन्छ।"

प्रदेश सरकारमार्फत बस्ती छिर्ने हिंस्रक वन्यजन्तु नियन्त्रणका लागि तत्काल डिभिजन वन कार्यालयमा डार्टका साथै सुरक्षा उपकरण र त्यससम्बन्धी तालिम रेपिड रेस्पोन्स टोलीको व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको उहाँले बताउनुभयो । चितुवालाई पर्यावरण संरक्षणका दृष्टिले महत्वपूर्ण मानिन्छ । पछिल्ला वर्षमा नेपालका विभिन्न जिल्लामा चितुवाको सङ्ख्या बढ्दो क्रममा छ। यो बाघको प्रजाति हो। हाल विश्वका १४ मुलुकमा मात्रै बाघ पाइन्छ। पछिल्ला वर्षमा बाघ र मानवबीचको बढ्दो द्वन्द्व विश्वपव्यापी चुनौतीका रूपमा देखिँदै आएको छ। बाघ संरक्षण र द्वन्द्व न्यूनीकरणमा काम गर्न नेपाल सरकारले अघिल्लो वर्ष 'बाघ संरक्षण विशेष कार्यक्रम' घोषणा गरेको थियो।

# लेखानीमा झोलुङ्गे पुल, एक घण्टाको बाटो दश मिनेट

–तारानाथ आचार्य
बलेवा, २२ साउन (रासस)

बागलुङको काठेखोला गाउँपालिका- ८ लेखानीका दुई गाउँ जोड्ने अग्लो र लामो झोलुङ्गे पुल निर्माण अन्तिम चरणमा पुगेको छ। लेखानी र कादेश गाउँ जोड्नेगरी निर्माण भइरहेको पुलको अधिकांश काम सकिएको हो।

पूर्वाधार विकास कार्यालय बागलुङले लेखानीदेखि कादेश जोड्ने ३५९ मिटर लामो र खोलाको पानी सतहदेखि ९५ मी अग्लो पुल बनाएको हो । यो पुलले कादेशका झण्डै ४०० घरपरिवारलाई वडा कार्यालय, स्वास्थ्य चौकी र लेखानी माविमा जोड्छ । गण्डकी प्रदेश सरकारको दुई करोड ९३ लाख ८५ हजार ६५० रुपैयाँको लागतमा यो पुल तयार हुन लागेको हो । इञ्जिनीयर कृष्ण गौतमका अनुसार पुलको तारबार लगाउने तथा डेक राख्ने काम बाँकी छ। विसं २०७६ को जेठमा सम्झौता भए पनि कोरोना सङ्क्रमणले छ महिना म्याद थपेको मुक्तिनाथ निर्माण सेवाले केही समयमै कामसक्ने आश्वासन दिएको छ।

घुमाउरो बाटोले एक घण्टा लाग्ने गरेकामा यो पुलले १० मिनेटमै लेखानी आउन सकिने जनाउँदै स्थानीय लालकुमारी पुनले खुशी व्यक्त गर्नुभयो । "लेखानी गाउँमै तरकारी पठाउनुपर्दा पनि गाडी चाहिन्थ्यो, अब डोकोमै बोकेर पनि छिट्टै पठाउन सकिने भयो", उहाँले भन्नुभयो, "गाउँपालिका केन्द्र जान झनै सजिलो भएको छ।" यो बाटो छोटिएपछि पालिका केन्द्र आइपुग्न एक घण्टा छोटो हुने उहाँले बताउनुभयो । दुई वर्षअघि वर्षात्‌मा यहाँ खसेको पहिरो र खोलाको बाढीले लेखानीदेखि कादेश जोड्ने सडक क्षत्‌विक्षत थियो । खोलाको पुरानो झोलुङ्गे पुल पनि बगेपछि लेखानी मावि आउने विद्यार्थीलेसमेत सास्ती खेपेका थिए। खोला तर्न नसक्ने भएकाले अभिभावकले छोराछोरी पठाउन पनि सकेका थिएनन्। साउन र भदौ महिनामा धेरै बालबालिका विद्यालय आउनै नसक्दा पढाइ अवरुद्ध थियो । यो पुल बनेपछि भने सहजै यात्रा गर्न सकिने भएको हो। पछिल्लो समय अग्ला र लामा पुल बनाउन नेपाली प्राविधिक नै सक्षम भएको सो कार्यालय प्रमुख सोभियत खड्काले जानकारीदिनुभयो। "यस्ता पुल निर्माण हुँदा विद्यालय र बजार छोटिएर स्थानीयले सुख पाएका छन्", उहाँले भन्नुभयो, "घण्टौं हिँड्नुपर्ने बाटो १० मिनेटमा छोटिँदा बुढापाकालाई उपचारमा पहुँचसमेत बढेको छ।"

# मुस्ताङमा १८ वर्ष माथिका सबैले लगाए कोरोना विरुद्धको खोप

रासस
मुस्ताङ, २२ साउन

गण्डकी प्रदेशको मुस्ताङ जिल्लाका १८ वर्ष उमेर समूह माथिका सबै नागरिकले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन्। स्वास्थ्य कार्यालय मुस्ताङका अनुसार १८ वर्षभन्दा माथि उमेरका नौ हजार ५०८ जनालाई तीन प्रकारको कोरोना विरुद्धको खोप लगाइएको हो।

कार्यालयका प्रमुख टिकाराम भण्डारीले तोकिएको उमेर समुहका शतप्रतिशत नागरिकलाई कोरोना भाइरस विरुद्धको खोप लगाइएको जानकारी दिनुभयो । 'छ हजार ७१५ जनालाई जोन्सन एण्ड जोन्सन र दुई हजार ४७२ जनालाई कोभिसिल्ड विरुद्धको दुई चरणको खोप लगाइएको छ', उहाँले भन्नुभयो 'भेरोसिलको पहिलो र दोस्रो डोजको खोप लगाउनेको संख्या ३३२ जना छ।'

मुस्ताङका नागरिकका साथै रोजगार, पेशा ब्यवसाय र कामदारका रुपमा आएकाले पनि खोप सुबिधा पाएका छन् । अन्य जिल्ला घर भए पनि हाल मुस्ताङमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी एम्बुलेन्स चालक, सरसफाईकर्मी, कर्मचारी, जनप्रतिनिधी, पत्रकार, सङ्घसंस्थाका कर्मचारी, शिक्षकले खोप लगाएका छन्। विसं २०६८ को जनगणना अनुसार कुल १३ हजार जनसङ्ख्या रहेको मुस्ताङमा १८ वर्षभन्दा माथिका नागरिकको सङ्ख्या नौ हजार ३६० जना थियो। मुस्ताङमा २०७७ माघ १४ गतेदेखि कोरोनाविरुद्धकोखोपअभियानशुरु गरिएको थियो। कोरोना विरुद्धको कोभिशिल्ड खोप अभियान शुरु गर्दाको अवस्था सामान्य थियो। कोभिसिल्डको दोस्रो चरण, भेरोसिल र जोन्सन एण्ड जोन्सनको खोप अभियान सफल पार्न मुस्ताङका स्वास्थ्यकर्मीले निकै सङ्घर्ष गरेका छन् । बाढी, पहिरो र नदी कटानले सडक अवरुद्ध हुने, सडक पुल बगाउने, बिद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा खोप अभियान सञ्चालन गर्न कठिनाई भएको थियो । मार्फा खोलामा असार पहिलो हप्ता बाढी आउँदा जोखिम मोलेर दुःखका साथ खोप ढुवानी गर्दै गरेका स्वास्थ्यकर्मीको तस्बिरले अन्तरराष्ट्रियस्तरमा चर्चा पाएको थियो।

बेनी-जोमसोम सडक अवरुद्ध हुँदा ठाउँ/ठाउँमा भरियालाई बोकाएर खोप ढुवानी गरिएको थियो भने खोलामा ट्र्याक्टरमार्फत खोप तारिएको थियो । खोप अभियान पूरा भएसँगै मुस्ताङका कतिपय शैक्षिक संस्थामा भौतिकरूपमै पठनपाठन सञ्चालन भएको छ।

# वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सार्वजनिक महत्वको प्रस्ताव दर्ता

रासस
काठमाडौं, २२ साउन

नेपाली कांग्रेसले कोभिड-१९ को प्रभावका कारण नेपालीका लागि वैदेशिक रोजगार असुरक्षित भएको र सरकारले आवश्यक सहयोग गर्नुपर्नेलगायतका विषयमा प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गराएको छ।

कांग्रेस सांसद डा डिला सङ्ग्रौला पन्त प्रस्तावक र प्रमिला राई तथा रामबहादुर बिष्ट समर्थक रहेको प्रस्तावमा कोभिड-१९बाट सृजित समस्याले वैदेशिक रोजगारमा ज्यान गुमाएका, रोजगारी गुमाएका र स्वदेश फर्किएकाका बारेको विस्तृत तथ्याङ्क सरकारसँग माग गर्न छलफल गर्नुपर्ने जरुरी रहेको उल्लेख गरिएको छ। कोभिडबाट मृत्यु भएका व्यक्तिका परिवार तथा रोजगारी गुमाएका व्यक्तिलाई सरकारको तर्फबाट भएको सहयोगको माग गर्न, वैदेशिक रोजगारबाट फर्केका र स्वदेशमै पनि बेरोजगार भएका व्यक्तिलाई सरकारले के कस्तो राहत र रोजगारीको व्यवस्था गरेको सो बारे पनि छलफल गर्न माग गरिएको छ । त्यस्तै रोजगारीका लागि सम्झौता तथा समझदारी भएका मुलुकमा अनुगमन किन नभएको, अब कुनकुन देशसँग अनुगमन र श्रम सम्झौता हुँदैछ, त्यस बारे पनि सरकारसँग आवश्यक सूचना माग गरिएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित प्रस्तावमा रोजगार सेवा केन्द्रको अवस्था कस्तो छ र यसले कसरी काम गरिरहेको छ भन्ने कुराको जानकारीसमेत माग गर्नका लागि छलफल गर्नुपर्ने कारण उल्लेख गरिएको छ ।

'समृद्ध पुतलीबजार - सुखी नगरबासी'

## पुतलीबजार नगरपालिका स्याङ्जा
## नगरकार्यपालिकाको कार्यालय
### गण्डकी प्रदेश, नेपाल

## नदीजन्य प्रकृतिक स्रोतको ठेक्का बन्दोबस्तको दरभाउपत्र/वोलपत्र सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८।४।२३ गते**

यस न.पा.को चालु आ.व. २०७८/७९ का लागि निम्न नदी खोला नाका/घाटबाट नदी जन्य पदार्थ/प्राकृतिक स्रोत (ढुङ्गा, गिटी, वालुवा आदि) उत्खनन, संकलन तथा ढुवानीको ठेक्का लागाउने प्रयोजनको लागि यस कार्यालयको मिति २०७८।४।२२ को निर्णय अनुसार दरभाउपत्र दाता/बोलपत्र दाताले निम्न शर्तहरु पालना गर्नुपर्ने गरी दरभाउपत्र/वोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि बढीबढाउको यो सूचना प्रकाशन गरिएको छ।

| नदीखोला, नाका/घाटहरु र ठेक्का नं | | IEE प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने नदीजन्य प्राकृतिक स्रोतको जम्मा परिमाण (घन मिटरमा) | नगरसभाबाट निर्धारित दररेट प्रति घ.मी रु २४७ का दरले हुन आउने र ठेक्का लगाउँदा कायम गर्नुपर्ने मु अ. कर बाहेकको न्यूनतम रकम रु। | सार्वजानिक खरीद ऐन/नियमका आधारमा ठेक्का बन्दोवस्त गर्न छनौट गर्ने विधि। |
|---|---|---|---|---|
| आँधीखोला | | | | |
| ठे. नं. १ | सेतीदोभान, दुलेरहदेखि पुतलीखेत सम्म (सडक पुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर)। | १४३४.८७ | ३५४४१३ | दरभाउपत्र |
| ठे. नं. २ | छिडीदेखि हेलु आँधीदरौ सम्म (सडक पुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर)। | ६५१३२.६२ | १६०८७७५८ | बोलपत्र |
| रिड्डीखोला | | | | |
| ठे. नं १ | रिड्डीखोला वडा नं १३ (सडकपुल/झोलुङ्गे पुल लगाएतका बिकासका संरचनाहरुको निर्धारित मापदण्ड बाहिर)। | ४२१२ | १०४०३६४ | दरभाउपत्र |

शर्तहरु :-

१) दरभाउ पत्र दाताले पान दर्ताको र वोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई दरभाउपत्रका लागि रु १००० (एक हजार रुपैया मात्र) र बोलपत्रका लागि रु ३०००(तीन हजार रुपैया मात्र) दस्तुर नगदै तिरी सूचना प्रकाशित भएको मितिले दरभाउपत्र दाताले पन्ध्र दिन भित्र र वोलपत्रदाताले तीस दिन भित्र कार्यालय समयमा दरभाउपत्र/वोलपत्रको फाराम खरीद गर्न सक्नेछ ।

२) दरभाउपत्र दाताले सोहौं दिनको र वोलपत्र दाताले एकतीसौँ दिनको मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दरभाउपत्र/वोलपत्र दर्ता गरिसक्नु पर्नेछ। दरभाउपत्र/बोलपत्र दाखिला गर्दा शिलबन्दी गरिएको खाममा ठेक्काको नाम, ठेक्का नं, दरभाउपत्र/बोलपत्र दाताको नाम, ठेगाना स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ। पेश हुन आएका दरभाउपत्र सोहौं दिनको १ बजेपछि र वोलपत्र एकतीसौ दिनको १ बजेपछि यस कार्यालयमा खोलिने छ। दरभाउपत्र/वोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्बजनिक विदा वा कार्यालयको सेवा वन्द रहेको दिन परेमा तत् पश्चात कार्यालय खुलेको पहिलो दिनमा उक्त कार्यहरु हुनेछन्। दरभाउपत्र/बोलपत्र खोल्दा दरभाउपत्र दाता/वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित हुन सक्नेछ, सो उपस्थिती नभए पनि दरभाउपत्र/बोलपत्र खोल्न बाधा पर्ने छैन।

३) म्याद/समय नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र/वोलपत्र फाराम भरी आएको, दरभाउपत्र/वोलपत्रदाताको हस्ताक्षर एवं सहीछाप नभएको, शर्त राखी पेश भएको र प्रचलित कानुनको रित नपुगेको दरभाउपत्र/वोलपत्रउपर उपर कुनै कारवाही हुने छैन। प्राप्त दरभाउपत्र/वोलपत्रहरुहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

४) दरभाउपत्र/वोलपत्रदाता आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउने जमानत रकम आफ्नै नामबाट ठेक्काको नाम र ठेक्का नं खुलाई यस कार्यालय नामको ने.बै.लि.स्याङ्गजामा रहेको नं. ०७२०३०००००३०००००००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ। दरभाउपत्र/बोलपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

५) दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा, स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र दरभाउपत्र दाता/वोलपत्र दाता आफुले कवोल गरेको रकममा मुल्य अभिबृद्धि कर समेत जोडेर यस कार्यालय नामको ने.बै.लि.स्याङ्जामा रहेको नं. ०७२०३००००००१००१००००००१ को आन्तरिक राजस्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ।

६) संझौता गर्दाका बखत नगदमा नै एकमुष्ठ रोयल्टी रकमजम्मा गर्ने दरभाउपत्र/बोलपत्रदातालाई कायम गरिएको न्यूनतम ठेक रकम भन्दा कमी नहुने गरी १०(दश) प्रतिशत सम्म रकम छुट दिन सकिने छ। बोलपत्रदाताले किस्ताबन्दीमा रोयल्टी जम्मा गर्न चाहेमा ५०% रकम संझौताका बखत नगदमा नै दाखिला गर्नु पर्ने र बाँकी रकमको बैंक जमानत संझौता गर्दाका बखत पेश गर्नु पर्ने तर संझौता गर्दाका बखत नगदमा नै एकमुष्ठ रोयल्टी रकम जम्मा नगरेमा त्यस्तो १०(दश) प्रतिशत रकम छुट दिन सकिने छैन। बोलपत्र दाताले त्यस्तो जमानतलाई २०७८ साल माघ समान्तसम्ममा नगदमा परिणत गरिसक्नु पर्ने छ।

७) ठेक्का स्वीकृत भए पश्चात म्यादभित्र सम्झौता गर्न नआउने दरभाउपत्र दाता/बोलपत्र दाताको धरौटी जफत गरी, कालो सूचिमा राखी अर्को दरभाउपत्र दाता/बोलपत्र दातालाई ठेक्का दिईने छ ।

८) ठेक्का स्वीकृत भए पश्चात ठेकेदारले पालना गर्नु पर्ने अन्य शर्तहरु कार्यालयले तोके बमोजिम हुनेछन्।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत